सातौं बैठक

आज मिति २०७९ साल असार १२ गते बिहान ८:०० बजे आइतबार यस बलेफी गाउँपालिका, गाउँ कार्यपालिकाको बैठक अध्यक्ष श्री गंगा बहादुर तामाङ ज्यूको अध्यक्षतामा बसी देहाय बमोजिमको निर्णयहरु गरियो ।

<u>उपस्थिति</u>

१. अध्यक्ष श्री गंगा बहादुर तामाङ
२. उपाध्यक्ष श्री सरु लामा तामाङ
३. सदस्य श्री हुप बहादुर खड्का
४. सदस्य श्री छविलाल न्यौपाने
५. सदस्य श्री रितेश तामाङ
६. सदस्य श्री सुर्जे तामाङ
७. सदस्य श्री यादव ठकुरी
८. सदस्य श्री तेज बहादुर पराजुली
९. सदस्य श्री गृविन्द्र कुमार चौलागाई
१०. सदस्य श्री रमेश कुमार श्रेष्ठ
११. सदस्य श्री ईश्वरी भण्डारी
१२. सदस्य श्री रश्मी तामाङ
१३. सदस्य श्री देवकी भुजेल
१४. सदस्य श्री कविता काफ्ले
१५. सदस्य श्री समिक्षा भुजेल
१६. सदस्य श्री ज्ञाने सुनार
१७. सदस्य - सचिव श्री देवीलाल सापकोटा

<u>आमन्त्रित:-</u>

सुकुलाल तामाङ (कार्यालय सहायक चौथौ)

~~सुकुमल~~ कुशल अधिकारी (लेखापाल)

संजय पोखरेल (इन्जिनियर)

प्रस्तावहरु:

१. बलेफी गाउँपालिका, सिन्धुपाल्चोकको आगामी आ. व. २०७९/०८० को बार्षिक नीति तथा कार्यक्रममाथि छलफल र स्वीकृती ।

२. बलेफी गाउँपालिका, सिन्धुपाल्चोकको आय व्यय विवरण (बार्षिक बजेट) तथा कार्यक्रममाथि छलफल र स्वीकृती ।

३. बलेफी गाउँपालिका, सिन्धुपाल्चोकको आर्थिक विधेयकमाथि छलफल तथा स्वीकृती सम्बन्धमा।

४. बलेफी गाउँपालिका, सिन्धुपाल्चोकको विनियोजन विधेयकमाथि छलफल तथा स्वीकृती सम्बन्धमा ।

५. विविध ।

निर्णयहरु

१. बलेफी गाउँपालिका, सिन्धुपाल्चोकको आगामी आ. व. २०७९/०८० को बार्षिक नीति तथा कार्यक्रममाथिव्यापक छलफल गरियो । प्रस्तावित नीतिमा समावेश गर्न प्रस्ताव गरिएका विषयहरु समावेश गरी स्वीकृती गर्ने रस्वीकृत नीति तथा कार्यक्रम पारित गर्न आगामी एघारौं गाउँ सभामा पेश गर्ने ।

२. बलेफी गाउँपालिका, सिन्धुपाल्चोकको आगामी आ.व. २०७९/०८० को प्रस्तावित आर्थिक विधेयकमाथि दफावार छलफल भयो । प्रस्तावित आर्थिक विधेयकमा समावेश गर्न भनी गाउँकार्यपालिकाका सदस्यहरुबाट प्राप्त विषयहरु समावेश गरी स्वीकृत गर्ने र विधेयक पारित गर्न आगामी एघारौं गाउँ सभामा पेश गर्ने ।

३. बलेफी गाउँपालिका, सिन्धुपाल्चोकको आगामी आ.व. २०७९/०८० को प्रस्तावित आय र व्यय (बजेट) तथा कार्यक्रम स्वीकृत गर्ने र पारित गर्न आगामी एघारौं गाउँ सभामा पेश गर्ने ।

४. बलेफी गाउँपालिका, सिन्धुपाल्चोकको आगामी आ.व. २०७९/०८० को प्रस्तावितविनियोजन विधेयक स्वीकृत गर्ने र पारित गर्न आगामी एघारौं गाउँ सभामा पेश गर्ने ।

५. विविध निर्णयहरु

- बलेफी गाउँपालिकाको कपिलेश्वर महादेव एम्बुलेन्स सेवा समितिबाट सञ्चालित एम्बुलेन्सद्वारा कोभिड-१९ बाट गत वर्ष संक्रमितयस गाउँपालिकाका विभिन्न बिरामीहरुलाई विभिन्न अस्पताल, क्वारेन्टिन तथा आईसोलेसन केन्द्रसम्म लैजाने ल्याउने गरे वापतकोपारिश्रमिक सुविधा हालसम्म नप्राएको भनी एम्बुलेन्स चालक

रुद्रबहादुर कार्कीको निवेदनबाट खुल्न आएकोले निवेदनकको माग बमोजिमप्रतिट्रिपको रु. १०००/- का दरले जम्मा २६ ट्रिपको हुन आउने एकमुष्ट रकम रु. २६,०००/- एम्बुलेन्स चालक श्री रुद्रबहादुर कार्कीलाई यस गाउँपालिकाको विपद् व्यवस्थापन कोषबाट भुक्तानी दिने ।

- यस गाउँपालिकामा विभिन्न समयमा आएको बाढी, पहिरो तथा अन्य प्रकोपबाट आफ्नो सम्पत्ति जोखिममा परेको वा क्षति भएकोले राहत उपलब्ध गराउन भनी यस गाउँपालिकाका विभिन्न जनताहरुबाट माग भै आएको सम्बन्धमास्थलगत अनुगमन, निरीक्षण, अध्ययन तथा अवलोकनगर्ने, सम्बन्धित वडा अध्यक्षको रोहबरमास्थानीय प्रहरी समेतको सहयोगमा सरजमिन मुचुल्का तयार गरीसोही आधारमा पछिउपयुक्त तथा आवश्यक निर्णय लिने ।
- बलेफी गाउँपालिका वडा नं ७ साउने बस्ने केशव पराजुलीको छोरा वर्ष २७ को विश्वास पराजुली अकस्मात बिरामी भई उपचारको लागि काठमाण्डौं अस्पताल लगिएकोमा निजको टाउकोमा गम्भिर चोट लागी ब्रेन हेम्रेज भएको पत्ता लागेको र तत्कालै शल्यक्रिया गर्नुपर्ने भन्ने चिकित्सकहरुको सुझाव रहेको तर निजको घरको आर्थिक अवस्थाअत्यन्तै नाजुक भएकोले उपचारको लागि आर्थिक सहायता पाउँ भनि दिएको निवेदनको आधारमा निजको उपचारको लागि रु. २५,०००/- (अक्षरेपी पच्चिस हजार मात्र)रकम राहत, उद्धार तथा पुनस्थापना शीर्षकबाट आर्थिक सहयोग गर्ने ।
- बलेफी गाउँपालिका वडा नं २ बस्ने वर्ष ३९ को सुन्दर तामाङलाई कलेजो सम्बन्धि रोग लागेको र उपचारको लागि काठमाण्डौं लगिएकोमा निजको घरको आर्थिक अवस्था नाजुक रहेकोले उपचार खर्च जुटाउन नसकीएको भनि आर्थिक सहायताको लागि निवेदन पेश गर्नुभएकोमा निजलाई रु १५,००० /- आर्थिक सहायता प्रदान गर्ने ।
- अविरल वर्षाद्को पानीको कारण बलेफी गाउँपालिका वडा नं १ बस्नेजीवन खत्रीकोघरनजिकै पहिरो गएको र तत्काल नियन्त्रण नगरेमा निजको घरलाई जुनसकै वेलामा जोखिम हुने भएकोले निजलाई जोखिम नियन्त्रणको लागि रु १५,०००/- सहायता प्रदान गर्ने ।
- बलेफी गाउँपालिका वडा नं ७ बस्ने विक्रम तामाङको छोरा पाल्साङ तामाङको उपचारको लागि रु. १५,०००/- आर्थिक सहायता प्रदान गर्ने ।
- बलेफी गाउँपालिका अन्तरगत रहेका देहाय अनुसारका सडकहरुमा वर्षाद्को समयमा हुने भारी वर्षातका कारण सडक अवरुद्ध भई सवारी साधनहरु सञ्चालन गर्न नसकिने अवस्था सिर्जना हुने भएकोले अवरुद्ध ती सडकहरुदैनिकरुपमा

मर्मत सम्भार गरी सवारी साधनआवागमनमा सहजता ल्याउन कम्तिमा ३ महिनासम्मको लागि प्रत्येक सडकमा २/२ जना सडक हेरालु राख्न आवश्यक भएको हुँदानियमानुसारको दैनिक ज्यालादरमा नबढ्ने गरी पारिश्रमिक दिई उल्लेखित संख्यामा सडक हेरालु राख्ने।

१. जलविरे- बनकाली- हगाम सडक
२. जलिवरे- फूल्पिङकोट- धुस्कोट सडक
३. कोठे-बिन्जेल चिलाउने सडक
४. अँधेरी- मांखा सडक
५. लामोसाँघु- टोप्का- बसेरी सडक
६. नौविसे- फूल्पिङकोट सडक
७. बाँसबोटे- थुम्का- अदमारा सडक
८. टुनिबोटे- मेलडाँडा सडक

- देहायका सवारी साधनहरु मर्मत गरेवापत देहायका वर्कशपहरुलाई देहाय बमोजिमको रकम भुक्तानी गर्ने ।

| क सं | सवारी साधन विवरण | सवारी नम्बर | मर्मत गर्ने वर्कशप | मर्मत भएको रकम रु. | कैफियत |
|---|---|---|---|---|---|
| १ | मोटरसाइकल | बा २ ब ८४०३ | सुनकोशी अटो वर्कशप | रु. १४४०० | वडा नं ७ |
| २ | मोटरसाइकल | बा २ ब ८५३५ | सुनकोशी अटो वर्कशप | रु. १२७५० | वडा नं ५ |
| ३ | मोटरसाइकल | बा २ ब ८५३५ | सुनकोशी अटो वर्कशप | रु. ८६५० | वडा नं ५ |
| ४ | मोटरसाइकल | बा २ ब ८५३५ | बिन्ध्याबासिनी मोटरसाइकल वर्कशप | रु. ५०० | वडा नं ५ |
| ५ | मोटरसाइकल | बा २ ब ८५३५ | रामलक्ष्मण मोटरसाइकल वर्कशप | रु.६३३० | वडा नं ५ |
| ६ | मोटरसाइकल | बा २ ब ८५३५ | नीमा मोटर साइकल वर्कशप | रु.१८५०० | वडा नं ५ |
| ७ | मोटरसाइकल | प्र ३ ०२ ००१ब ०००६ | नीमा मोटरसाइकल अटो वर्कशप | रु.१३७०० | जिन्सी शाखा |
| ८ | मोटरसाइकल | बा २ ब ९६२८ | नीमा मोटरसाइकल अटो वर्कशप | रु.१६४५० | वडा नं २ |

| | | | | | |
|---|---|---|---|---|---|
| ९ | मोटरसाइकल | बा २ ब ९६२८ | नीमा मोटरसाइकल अटो वर्कशप | रु.१२८५० | वडा नं २ |
| १० | मोटरसाइकल | बा २ ब ९६२८ | सुनकोशी अटों वर्कशप | रु.३३३०० | वडा नं २ |
| ११ | मोटरसाइकल | बा २ ब ८४०४ | नीमा मोटरसाइकल अटो वर्कशप | रु .१९४५० | वडा नं ८ |
| १२ | मोटरसाइकल | बा २ ब ८४०२ | चण्डेश्वरी अटो इन्जिनियरीङ | रु . ८०००० | वडा नं ६ |
| १३ | मोटरसाइकल | बा २ ब ९१५६ | शेरा गणेश गुरु वर्कशप | रु. ५५४०० | वडा नं ३ |
| १४ | स्कर्पियो | बा २ ब झ ४०३१ | युनिक आइडियल अटो मोबाइल्स | रु. २३५५४३।३० | अध्यक्षज्यू |
| १५ | महिन्द्रा बोलेरो जीप | प्र ३ ०१००२झ ४९८९ | युनिक आइडियल अटो मोबाइल्स | रु. ३३७६३४।२४ | उपाध्यक्षज्यू |

- यस गाउँपालिकामा गरिने निर्माण सम्बन्धी कार्यहरु उपभोक्ता समितिबाट गराउदा मितव्ययिता, गुणस्तरीयता वा दिगोपना अभिवृद्धि हुने भएमा वा परियोजनाको मुख्य उद्देश्य नै स्थानीय स्तरमा रोजगारी सिर्जना हुने भएमा र उपभोक्ता समितिको अनिवार्य रुपमा लागत सहभागिता रहने भएमा मात्र वढीमा ५० लाख रकमसम्मको लागत अनुमान भएको कार्य देहायका सर्तहरुको अधिनमा रही उपभोक्ता समितिबाट गराउन सकिनेछः
  - ५० लाख रकमसम्मको लागत अनुमानमा मूल्य अभिवृद्धिकर, ओभरहेड कन्टिन्जेन्सी रकम र जनसहभागिताको अंश समेतको रकम समावेश हुनेछ र त्यस्तो निर्माण कार्यको भुक्तानी गर्दा मूल्य अभिवृद्धि कर, ओभरहेड कन्टिन्जेन्सी रकम र जनसहभागिताको अंश कट्टा गरेर मात्र भुक्तानी हुनेछ ।
  - त्यस्तो निर्माण कार्यबाट प्रत्यक्ष लाभ प्राप्त गर्ने स्थानीय रुपमा बसोबास गर्ने बासिन्दा वा समुदाय मात्र संलग्न रहेको उपभोक्ताहरुको समिति हुनुपर्नेछ ।
  - सडक पिच गर्ने कार्य, जुनसुकै किसिमको भवन निर्माणको कार्य, लोडर, एक्साभेटर, रोलर, डोजर, ग्रेडर, विटुमिन डिस्टिव्युटर र विटुमिन ब्वाइलर जस्ता हेभि मेशिनहरु प्रयोग गरिने निर्माण कार्य, सडकबत्ती जडान गर्ने कार्य, खानेपानीका ठूला ठूला टयाङ्कीहरु निर्माणको कार्य लगायतका जटिल प्रकृतिका निर्माण कार्य उपभोक्ता समितिबाट गर्न सकिने छैन।
  - कुल लागत अनुमानको कम्तिमा बीस प्रतिशत लागत सहभागिता उपभोक्ता समितिको रहनु पर्नेछ।

- पाँच लाख भन्दा बढी लागत अनुमान भएको निर्माण कार्यको भुक्तानी गर्दा पाँच प्रतिशत रकम रिटेन्सन मनीबापतको रकंम कट्टा गरिनेछ । कट्टी गरिएको त्यस्तो रकम काम सम्पन्न भएको १३ औं महिना समाप्त भएपछि प्राविधिकको सिफारिसमा सम्वन्धित उपभोक्ता समितिबाट तयार गरिएको मर्मत सम्भार कोषमा रकम फिर्ता गरिनेछ ।
- उपभोक्ता समितिले आफुले गरेको कामको भुक्तानी माग गर्दा प्राविधिक मूल्याङ्कन, बिल, भर्पाइ र खर्च प्रमाणित गर्ने अन्य कागजातहरु समितिको बैठकबाट अनुमोदन गराएर मात्र गाउँपालिकामा पेश गर्नु पर्नेछ।
- उपभोक्ता समितिले आफूले प्रत्येक किस्तामा गरेको खर्चको सूचना सार्वजनिक स्थानमा टाँस गर्नु पर्नेछ र आफुले गरेको काम कार्वाहीको सम्बन्धमा सार्वजनिक खरीद अनुगमन कार्यालयले तोकेको प्रकृया बमोजिम संम्बन्धित वडाका वडा अध्यक्ष वा वडा सदस्य वा कर्मचारीको रोहवरमा सार्वजनिक परीक्षण गर्नु पर्नेछ।
- उपभोक्ता समितिले पाएको काम आफैले गर्नुपर्नेछ र कुनै निर्माण व्यवसायी वा सब-कन्ट्रयाकरबाट गराउन सकिछैन। गरिएको पाइएमा कानून बमोजिम कारवाही हुनेछ।
- गठित उपभोक्ता समिति नियामानुसार गाउँपालिकामा दर्ता भई पान नं. लिएको अवस्थामा मात्र काम गर्नको लागि कार्यालय र समिति बिच सम्झौता हुन सक्नेछ
- उपभोक्ता समिति मार्फत निर्माण सम्पन्न भएका कार्य तथा आयोजनाहरु मर्मत सम्भार तथा रेखदेखको जिम्मेवारी सहित आयोजना वा कामको स्वामित्व उपभोक्ता समितिमा नै रहने गरी उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेछ । उपभोक्ता समिति मार्फत कार्यान्वयन गर्ने आयोजनाहरुमा संचालन, मर्मत सम्भार तथा स्वामित्व हस्तान्तरण सम्बन्धी व्यवस्था सम्झौतामै उल्लेख गरी उपभोक्ता समिति समेत अविछिन्न उत्तराधिकारी संस्थाको रुपमा दर्ता गर्नेछ। उपभोक्ता समितिलाई हस्तान्तरित आयोजनाको सेवा उपयोग गरेबापत उपभोक्ताले तिर्नुपर्ने सेवा शुल्क उपभोक्ता समिति आफैंले तोक्न सक्नेछ र त्यस्तो शुल्क जम्मा गर्ने मर्मत सम्भार कोष खडा गरी सोही कोषबाट त्यस्तो निर्माण कार्यको संचालन तथा मर्मत सम्भार गर्नु पर्नेछ ।
- उपभोक्ता समितिबाट गरेका कामको डोर हाजिरमा भर्नुपर्ने सबै विवरण आयोजनाको कार्यस्थलमा नै उपभोक्ता समिति आफैले भर्नुपर्नेछ । डोर हाजिरमा

कविता

काम गर्ने कामदारको नागरिकता प्रमाणपत्र वा परिचय खुल्ने अन्य कागजात अनिवार्य रुपमा संलग्न राख्नुपर्ने ।

- यस गाउँपालिकाको पर्यटन प्रवद्धन गर्न २०७९ साल बैशाखको १ गतेका दिनमा जन्म भूमि मिडिया प्रा.लि. द्धारा "पर्यटन प्रवर्द्धन जन्म भूमि मिडियाको अभियान" भन्ने नाराका साथ यस गाउँपालिकाको वडा नं ३ मा रहेको ॐ पार्कमा भएको "प्रथम जन्मभूमी नयाँ वर्ष २०७९, वृहत ॐ पार्क साँस्कृतिक भेला" आयोजना गरिएकोमा सो कार्यक्रममा खर्च भएको रकम मध्ये रु १,००,०००/- अनुदान रकम यस गाउँपालिकाको चालु आ.व. को आकस्मिक कोषबाट श्री जन्म भूमि मिडिया प्रा.लि. लाई उपलब्ध गराउने ।
- यस गाउँपालिकोको खानेपानी तथा सिंचाई जल उपभोक्ता समिति, कार्यविधि २०७९ स्वीकृत गर्ने।
- चालु आ.व. २०७८/०७९ को स्वीकृत बार्षिक कार्यक्रममध्ये वडा नं. ५ मा रहेको सेतीदेवी आ.वि लाई अनुदान उपलब्ध गराउनु पर्ने रु. ४५,०००।- अनुदान रकमज्यामिरे आ.वि अनुदान शीर्षकमा विनियोजित भएकोले उक्त रकम रु. ४५,०००।- सेतीदेवी आ. वि लाई उपलब्ध गराउने ।
- यस गाउँपालिकाको वडा नं. १ मा रहेको कच्ची सडकहरु हालै आएको भारी वर्षाका कारण अवरुद्ध भएकोले उक्त वडाको चालु आ.व. २०७८/०७९ मा विनियोजित विविध खर्च शीर्षकमा रहेको रकम मध्ये रु २५,०००।- खर्च गरी कामदार लगाई उक्त अवरुद्ध सडक पन्छाउने तथा मर्मत सम्भार गर्ने ।
- यस गाउँपालिकाको वडा नं. ३ का वर्ष ४५ का श्री श्रीलाल श्रेष्ठ टाउकोको क्यानसर (ब्रेन क्यानसर) रोगबाट पीडीत भएकाले निजको उपचारमा सहयोग पुऱ्याउनचालु आ.व. २०७८/०७९ को राहत, उद्धार तथा पुनस्थापना कोषबाट रु २०,०००।- नगद सहयोग उपलब्ध गराउने र यसै वडाका श्री बद्री गुरुङको छिनेको औलाको उपचार गराउन समेत रु १०,०००।- उक्त खर्च शीर्षकबाट अनुदान उपलब्ध गराउने ।
- यस गाउँपालिकामा हालै आएको वर्षाबाट अवरुद्ध भएका देहायका सडकहरुको मर्मत सम्भार गरी सडक सुचारु गर्न यस गाउँपालिकाको चालु आ.व. २०७८/०७९ को स्वीकृत मर्मत सम्भारको कोषको रकमवाट देहायका सडकलाई देहायको रकम विनियोजन गरी मर्मत सम्भार गर्न

  - अंधेरी माङ्खा बुवासे सडक रु. ४०,०००।-
  - नौबिसे-कल्लेरी-फूल्पिङकोट सडक रु. ७५,०००।-
  - धुस्कोट-सिमासिङ सडक मर्मत सम्भार रु. ९०,०००।-
  - धुस्कोट-मच्छे सडक मर्मत सम्भार रु. ४०,०००।-
  - अदमारा मेलडाँडा लप्से र बिन्जेल कोले डाँडागाउँ सडक मर्मत वापतको रु. ३०,०००

- अदमारा-मेलडाँडा-लप्से र विझेल-कोले डाँडा गाउँ सडक मर्मत रु. १,५९,०००।-

- चालु आ.व. २०७८/०७९ को लागि ग्रुङगता-भार्लुङ-वाइवाटोल सडक मर्मत गर्न नवौ गाउँसभाबाट रु १,५०,०००/- स्वीकृत भई कार्यक्रम संचालन गर्न सझौता समेत भई कार्यान्वयनको क्रममा रहेको उक्त सडक मर्मतको कार्यको विनियोजित बजेट दशौं गाउँसभाबाट हटाइएकोले सम्पन्न भैसकेको उक्त कार्यको भुक्तानि चालु आ.व. को यस गाउँपालिकाको स्वीकृत मर्मत सम्भार कोषबाटगर्ने।
- बलेफी गाउँपालिकाको सूचनामूलक सामाग्री प्रकाशन गर्ने श्री ब्रम्मायणी साना किसान कृषि सहकारी संस्था बलेफी -२, सिन्धुपाल्चोक लाई र सेतीदेवी माध्यमीक विद्यालय बलेफी-४, सिन्धुपाल्चोक लाई यस गाउँपालिकाको आकास्मिक कोषबाट रु १०/१० हजार अनुदान सहयोग गर्ने।
- यस गाउँपालिकाको वडा नं. ८ को लामोसाँघुबाट वडा नं. ८ को वडा कार्यालय भवन सम्म जाने सडक वर्षाका कारण अवरुद्ध भएकाले सो को मर्मत सम्भार गरी अवरुद्ध सडक सुचारु गर्ने। चालु आ.व. को आकस्मिक कोषबाट रु २०,०००।- रकम विनियोजन गर्ने
- बलेफी गाउँपालिकाको सूचनामूलक सामाग्री प्रकाशन गर्ने श्री ब्रम्मायणी साना किसान कृषि सहकारी संस्था बलेफी -२, सिन्धुपाल्चोक लाई र सेतीदेवी माध्यमीक विद्यालय बलेफी-४, सिन्धुपाल्चोक लाई यस गाउँपालिकाको आकास्मिक कोषबाट रु १०/१० हजार अनुदान सहयोग गर्ने।
- यस गाउँपालिकाको वडा नं ३ को चालु आ व २०७८/०७९ को जनप्रतिनिधि तथा कर्मचारी अन्तरक्रिया तथा वनभोज कार्यक्रमका लागि भनी विनियोजित रकमबाट वडा नं ३ का जनप्रतिनिधि तथा कर्मचारीवीच अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको र सोही अवसरमा नयाँ निर्वाचित जनप्रतिनिधिहरुको स्वागत तथा पूराना जनप्रतिनिधिहरुको विदाई कार्यक्रम सञ्चालन गरेको पाइयो । उक्त कार्यक्रमबाट वडाका सम्पूर्ण गतिविधिहरुलाई कसरी थप प्रभावकारी, मितव्ययी र पारदर्शी वनाउने भन्ने विषयमा अन्तरक्रिया भई सुशासनमा योगदान पुग्ने किसिमको प्रतिफल प्राप्त भएको देखिएकोले वडा नं ३ को वडा सचिव श्री जयराम कोइरालाबाट सो को लागि भुक्तानी माग भएको रकम रु. ९७,०००।-(अक्षरेपी सन्तानब्बे हजार रुपैंया) भुक्तानी दिने ।

कविता

- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ बमोजिम गाउँपालिका तथा नगरपालिकाले प्रत्येक आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगावै आफ्नो क्षेत्रभित्रको निर्माण कार्य तथा अन्य सेवाको प्रयोजनको लागि निर्माण सामाग्री, ज्याला, भाडा तथा महसुलको न्यूनतम् दररेट तोक्नु पर्ने प्रावधान बमोजिम बलेफी गाउँपालिका सिन्धुपाल्चोकको क्षेत्रभित्रको प्रयोजनका लागि आ.व.०७९/०८० को लागि तयार भएको न्यूनतम दररेट स्वीकृत गर्ने ।
- बलेफी गाउँ कार्यपालिकाको कार्यालय सिन्धुपाल्चोकबाट गरिने निर्माण कार्य, खरिद गरिने मालसामान, परामर्श सेवा र अन्य सेवाको लागत अनुमान तयार गर्दा गाउँपालिकाले निर्धारण गरेको दररेट नभएको अवस्थामा सिन्धुपाल्चोक जिल्लाको दररेटलाई आधार मानी लागत अनुमान तयार गर्ने। सिन्धुपाल्चोक जिल्लाको दररेटमा समेत लागत अनुमान गर्ने बिषयको दररेट नभएको अवस्थामा काभ्रेपलाञ्चोक वा काठमाण्डौं उपत्यकाका जिल्लाहरुको दररेटलाई आधार मानी त्यसमा ढुवानी समेत जोडी लागत अनुमान तयार गर्ने। उल्लेखित जिल्लाहरुको दररेट समेत उल्लेख नभएको बिषयको सम्बन्धमा लागत अनुमान गर्दा बलेफी गाउँपालिकाको कार्यालयमा सूचीकृत भएका फर्म/ बिक्रेता/कम्पनी/ सप्लायर्स/ निर्माण व्यवसायी आदिमध्ये कुनै तीनवटा फर्म/ बिक्रेता/कम्पनी/ सप्लायर्स/ निर्माण व्यवसायीबाट लागत अनुमान प्रयोजनका लागि लिखित रुपमा दररेट माग गरी पेश भएका दररेटमध्ये सबैभन्दा कम दररेटलाई लागत अनुमानको दर मानी लागत अनुमान तयार गर्ने ।